विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी सूचना

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो उपर यस सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र **ipdivision@moics.gov.np** मा आफ्नो राय तथा सुझाव प्रतिक्रिया उपलब्ध गराइदिनुहुन अनुरोध छ।

संशोधन विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

### १. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः

विदेशी लगानीको दायरा विस्तर, विदेशी ऋण तथा ऋणको ब्याजलाई शेयरमा रूपान्तरण गर्ने, विदेशी ऋणका स्रोत सम्बन्धी व्यवस्था, विदेशी लगानी स्वीकृतिको अधिकारक्षेत्रमा सुधार तथा एकल विन्दु सेवा केन्द्रमार्फत प्रदान गरिने सेवा एकीकृत डिजिटल प्रणालीमार्फत प्रभावकारी बनाउन,

गैरआवासीय नेपाली लगानीकर्तालाई थप सहुलियत तथा लगानीको अवसर प्रदान गरी गैरआवासिय नेपालीमार्फत विदेशी लगानी तथा प्रविधि हस्तान्तरणलाई प्रोत्साहन गर्न,

लगानी सम्बद्ध विभिन्न निकायको अधिकारक्षेत्र स्पष्ट पार्दै विदेशी लगानीसम्बन्धी सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शी, छरितो र समन्वयात्मक बनाउदै लगानीको वातावरणमा सुधार गर्न सहयोग पुग्ने देखिन्छ ।

### २. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः

लगानी तथा औद्योगिक गतिविधिमा सहजीकरण र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धिमार्फत विदेशी लगानीमा अभिबृद्धि हुने र आर्थिक गतिविधि तथा रोजगारीका अवसर विस्तारमा सकारात्मक योगदान पुग्नेछ।

### ३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः

विदेशी लगानीको दायरा विस्तार, विदेशी ऋण तथा ऋणको ब्याजलाई शेयरमा रूपान्तरण गर्ने, विदेशी ऋणका स्रोत सम्बन्धी व्यवस्थाले नेपालमा विदेशी लगानी सम्बन्धमा रहेका अवरोध हट्ने र वैदेशिक पूँजी परिचालन सहज हुने हुँदा लगानी, उत्पादन तथा रोजगारीमा अभिवृद्धि हुने,

गैरआवासीय नेपाली लगानीकर्तालाई थप लगानीका अवसर उपलब्ध गराउने व्यवस्थाले नेपालमा बैदेशिक पुँजी तथा लगानी विस्तार गर्न र औद्योगिक तथा व्यावसायिक गतिविधि वृद्धि गर्न सहयोग पुग्ने,

लगानी वोर्डको कार्यालय लगायतका निकायको अधिकार क्षेत्रमा हुने स्पष्टता र छरितो, पारदर्शी र समन्वयात्मक विदेशी लगानीसम्बन्धी प्रशासनिक प्रक्रियाले प्रशासनिक लागत तथा लगानीकर्ताको समय घट्नुका साथै सरकारी सेवा प्रवाहको दक्षता तथा लगानीको प्रतिफल अभिवृद्धि हुने,

तसर्थ, कानूनी संशोधनले वैदेशिक पूँजी तथा ऋण परिचालनमा वृद्धि, लगानी वातावरणमा सुधार, औद्योगिक उत्पादन तथा रोजगारी विस्तार र आर्थिक गतिविधिमा वृद्धि हुने अपेक्षा गरिएको छ।

## ४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः

विदेशी लगानीको परिचालनलाई सहज बनाउदै आर्थिक वृद्धि, औद्योगिक पूर्वाधार तथा प्रविधि विकास, रोजगारी सिर्जना, सुशासन र संस्थागत प्रभावकारिता अभिवृद्धिमार्फत दिगो विकासको लक्ष्य ८, ९ र १७ हासिल गर्न सहयोग पुग्नेछ।

## ५. विधेयकको व्यवस्थाबाट सुशासनमा पर्ने प्रभावः

कानुनी स्पष्टता, अधिकारक्षेत्रको स्पष्ट निर्धारण, डिजिटल सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता, संस्थागत समन्वय तथा प्रशासनिक कार्यदक्षता अभिवृद्धि भई विदेशी लगानीसम्बन्धी सेवा प्रवाहमा सुधारमार्फत सुशासन सुदृढ हुने अपेक्षा गरिएको छ।

## ६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग

जलवायु उत्थानशील पूर्वाधार तथा प्रविधिमा लगानीका लागि वित्तीय स्रोत परिचालन सहज बनाउने र डिजिटल सेवा प्रवाहमार्फत स्रोतको दक्ष उपयोग गर्ने वातावरण निर्माण भई जलवायु अनुकूलनमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

मितिः २०८३ भदौ ११ गते, बिहिबार

## विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) विधेयक, २०८३

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा २ मा संशोधनः** विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ञ) को उपखण्ड (१०) पछि देहायको उपखण्ड (११) थपिएको छः

"(११) दफा १२ बमोजिमको ऋण वा ऋण लगानीबाट आर्जित ब्याज वा दुबै रकमलाई शेयरमा परिणत गरी हुने शेयर लगानी।"

३. **मूल ऐनको दफा ३ मा संशोधनः** मूल ऐनको दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (४), (५) र ६ थपिएको छः

"(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा उल्लिखित उद्योग वा व्यवसाय मध्येबाट गैरआवासीय नेपाली लगानीकर्ताले लगानी गर्न सक्ने गरी कुनै उद्योग वा व्यवसायमा विदेशी लगानी खुला गर्न सक्नेछ।

(५) विदेशी लगानीकर्ताले दफा १२ बमोजिमको ऋण वा ऋण लगानीबाट आर्जित ब्याज वा दुबै रकमलाई शेयरमा परिणत गरी विदेशी लगानी गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम ऋण वा ऋण लगानीबाट आर्जित ब्याज वा दुबै रकमलाई शेयरमा परिणत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

४. **मूल ऐनको दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ को,-

(१) दफा शीर्षकमा रहेका "विदेशी वित्तीय संस्थाबाट" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (१) र उपदफा (४) मा रहेका "विदेशी वित्तीय संस्था" भन्ने शब्दहरुको सट्टा "विदेशी बैंक तथा वित्तीय संस्था वा सम्बन्धित देशको प्रचलित कानून बमोजिम संस्थापित पुँजीकोष" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (५) पछि देहायको स्पष्टीकरण थपिएको छः

" स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि परियोजना ऋण (प्रोजेक्टलोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ) भन्नाले एक वर्ष वा सोभन्दा बढी अवधिको लागि प्रदान गरिएको कुनै पनि वित्तीय लगानी, ऋण, कर्जा सुविधा वा वित्तीय व्यवस्था सम्झनु पर्छ।"

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को उपदफा (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

६. **मूल ऐनको दफा १७ मा संशोधनः** मूल ऐनको दफा १७ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः

"तर यस ऐनको दफा ९क. को उपदफा (१) बमोजिमको विदेशी लगानीको स्वीकृति नेपाल धितोपत्र बोर्ड र सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिम छ अर्ब वा सो भन्दा बढी लागत अनुमान भएका सार्वजनिक निजी साझेदारीका परियोजनामा हुने विदेशी लगानीको स्वीकृति लगानी बोर्डले गर्नेछ।"

७. **मूल ऐनको दफा २३ मा संशोधनः** मूल ऐनको दफा २३ को उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थपिएका छन्ः

"(४) एकल विन्दु सेवा केन्द्रमार्फत प्रदान गरिने सेवा एकीकृत डिजिटल प्रणाली स्थापना गरी प्रदान गर्न सकिनेछ ।

(५) एकीकृत डिजिटल प्रणालीको सञ्चालन, व्यवस्थापन, सुरक्षा, सूचना आदानप्रदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"